गण्डकी प्रदेश,नेपाल
Gandaki province, Nepal

चापाकोट नगरपालिका
Chapakot Municipality
नगर कार्यपालिकाको कार्यालय
चापाकोट,स्याङ्जा
Chapakot ,Syangja
स्था-२०७३
Estd:2073

फोन नः ०६३४११०८०/८१
ई-मेल :chapakotmun@gmail.com

प.स/Letter No: ०७६/७७-076/77
च.न/Ref No: १३२१

चापाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय चापाकोट, स्याङ्जा गण्डकी प्रदेश, नेपाल

मिति : २०७६।१२।२४

# प्रेस बिज्ञप्ति

आज सारा बिश्व नै महामारीको रुपमा फैलिदै गएको Covid-19 ले आक्रान्त भइरहेको विध्यमान सन्दर्भमा नेपालमा समेत कोरोना भाइरसको सङ्क्रमण देखिन थालेको छ । कोरोना भाइरसको सङ्क्रमण थप नफैलियोस भन्ने हेतुले नेपाल सरकारले लकडाउन घोषणा गरेको छ । जसको पूर्ण पालनको लागि चापाकोट नगरपालिका प्रतिबद्ध भएर लागेको छ । यस्तो असमान्य परिस्थितिमा हामी सबै आ-आफ्नो ठाँउमा सावधान र सर्तक रहनुपरेको छ ।सबै नगरबासीहरुले चापाकोट नगरपालिकालाई यस विषयमा सहयोग र साथ दिईरहनुभएकै छ । कोरोना रोकथाम तथा नियन्त्रणको लागि चापाकोट नगरपालिकाले आ-आफ्नो श्रोत साधन तथा जनशक्तिको माध्यमबाट तपसिल बमोजिमको प्रयासहरु गरेको व्यहोरा अवगत नै छ।

- विपद व्यवस्थापन तथा राहत कोषमा रु १० लाख बजेट विनियोजन गरेको ।
- सबै वडा कार्यालयमार्फत हालसम्म ३२०० थान मास्क,७२०० मि.लि. सेनिटाईजर वितरण गरेको ।
- स्वास्थ्यकर्मीहरुको सुरक्षाको लागि पि.पि.ई. र गाउन तथा एम्बुलेन्स चालकको लागि गाउन व्यवस्थापन गरेको ।
- ५० बेडको Quarantine Home र चापाकोट अस्पतालमा Isolation Ward निर्माण गरेको ।
- छिमेकी देश भारत लगायत अन्य मूलुकबाट यस नगरपालिकामा आएका व्यक्तिहरु (चैत्र १ गतेदेखि हालसम्म) ९० जना रहेको,उनीहरुको स्वास्थ्य अवस्थाको निगरानी स्वास्थ्यकर्मी,वडाका जनप्रतिनिधि,नेपाल प्रहरी र नगर प्रहरीहरुले दैनिकरुपमा गरिरहेको ।
- यसै शिलशिलामा चापाकोट नगरपालिका वडा न ३ मा कुवेतबाट आएका १ जना व्यक्तिको श्रीमतीलाई कोरोनाको लक्षणको आशङ्कमा निजको परिवारका ३ जना सदस्यहरुको स्वाव परिक्षणको लागि पोखरा र काठमाडौ पठाई उनीहरुको स्वाव परिक्षणको नतिजा कोरोना नेगेटिभ प्राप्त भएको ।
- हिजो मिति २०७६/१२/२३ गते सम्म होम क्वारेन्टाईनमा १४ दिन पुरा बसेका व्यक्ति सहित ५१ जना थिए भने हाल ३ जना महिला र २६ जना पुरुष गरि जम्मा २९ जना हाल होम क्वारेन्टाईनमा बसीरहनुएको छ । उनीहरुको स्वास्थ्य स्थिति हालसम्म राम्रो रहेको छ । विदेशबाट आएका व्यक्तिहरुको स्वाब टेस्टको लागि स्वाब लिनको आज नै लागि बिज्ञ टोलि नगरपालिकामा आउदै हुनुहन्छ ।

Scanned by CamScanner

चापाकोट नगरपालिका
Chapakot Municipality
नगर कार्यपालिकाको कार्यालय
चापाकोट,स्याङ्जा
Chapakot ,Syangja
स्था-२०७३
Estd:2073

गण्डकी प्रदेश,नेपाल
Gandaki province, Nepal

फोन नः ०६३४११०८०/८१
ई-मेल :chapakotmun@gmail.com

प.स / Letter No: ०७६ / ७७-076/77
च.न / Ref No: 9229

- बजारमा खाधान्न को आपूर्तिको ब्यबस्था सहज रहेको ,कोहि पनि नागरिक बिरामी परेको खण्डमा अस्पताल सम्म निजहरुलाई ल्याउनको लागि एम्बुलेन्स २ वटा तयारी अवस्थामा राखेका छौ ।
- दैनिक ज्यालादारीमा काम गरि खाने मजदुर,श्रमिक वर्ग,असहाय,अशक्तहरुको लागि राहत वितरण गर्न राहत वितरण सम्बन्धी मापदण्ड,२०७६ नगरकार्यपालिकाबाट स्वीकृत भएको ।
- यस लकडाउन अवधिभर नगरपालिकाका सबै वडाका बस्तीहरुमा प्रभावित व्यक्ति र परिवारहरुलाई हालसम्म ८४२ घरधुरीलाई १४०६५ के.जि चामल राहत वितरण गरिसकेको । अझै छुटफुट भएका ब्यक्तिहरुको लगत संकलन वडा कार्यालयले गरिरहेको छ ।

यस महामारीबाट सिर्जित लकडाउन बाट यस चापाकोट नगरपलिका सरहद भित्र रहेका दैनिक ज्यालादारीमा काम गरि खाने मजदुर,श्रमिक वर्ग,असहाय,अशक्तहरुको दैनिक जीबनयापनमा समस्या नहोस भन्ने अभिप्रायले कार्यपालिका बैठकको निर्णय अनुसार सम्पूर्ण जनप्रतिनिधि,कर्मचारीहरु,नेपाल प्रहरी र नगर प्रहरीको को सहयोगमा म स्वयं नगर प्रमुख राहत वितरणमा अहोरात्र खटिई आएको छु । घरमै बस्नुपर्ने विषम परिस्थितिमा पनि स्वास्थ्यको प्रबाह नै नगरी तपाईहरुको सेवामा खटिईरहेको जानकारी गराउछु ।

यसअघि राहत वितरणको क्रममा हाम्रा जनप्रतिनिधिहरुलाई केही अवरोध पनि नभएका होईनन् ।नगरपालिकाको राहत सामाग्री वितरण सम्बन्धी एकद्वार प्रणाली भन्दा बाहिर गई नगरपालिकासँग समन्वय नगरी आफूलाई उच्च पदस्थ भन्ने केही व्यक्तिहरुले सामाग्री हस्तान्तरण गरेका पनि भेटियो तर नगरपालिकाले त्यस्ता घटनाहरुलाई सामान्य रुपमै लिएको छ । यसै शिलशिलामा हिजो मिति २०७६।१२।२३ गते म लगायत वडा न ६ का जनप्रतिनिधहरु,नेपाल प्रहरी र नगर प्रहरी सहितको टोलीले चापाकोट नगरपालिका वडा नम्बर ६ को कार्यालयमा राहत बितरण गरिहेको अवस्थामा चापाकोट नगरपालिका वडा नम्बर ६ का सुमन बि.क ले हामीले बितरण गरेको ठाँउमा आइ नगरपालिकाले बितरण गरेको राहत नलिन आग्रह गर्दै असहज बाताबरण सिर्जना गर्नुका साथै नगरपालिकाले दिएको राहत थोरै भएको भन्दै यति थोरै राहत त म आफै दिन्छु, नलिए हुन्छ भनी नकारात्मक भिडियो खिचेको थिए । भिडियो खिचिरहदा त्यहाका स्थानीयले भिडियो नखिच्न आग्रह गर्दा समेत नमाने पछी धकेला धकल मात्र भएको,निजलाई केही घाउ चोटपटक लागेको होईन ,तत्पश्चात निजलाई म आफै सम्झाई बुझाई समेत गरेको थिए ,त्यस्तो अप्रिय घटना नभएको हुदा सत्य घटना नबुजी नगर प्रमुख लाई जोडेर विभिन्न मिडिया मा आएको समाचार मा कुनै सत्य

Scanned by CamScanner

गण्डकी प्रदेश,नेपाल
Gandaki province, Nepal

चापाकोट नगरपालिका
Chapakot Municipality
नगर कार्यपालिकाको कार्यालय
चापाकोट,स्याङ्जा
Chapakot ,Syangja
स्या-२०७३
Estd.2073

फोन नः ०६३४११०८०/८१
ई-मेल :chapakotmun@gmail.com

प.स/Letter No: ०७६/७७-076/77
च.न/Ref No: 9329

नभएको हुदा हल्ला को पछी नलाग्न सम्पूर्ण नगरबासि बुवा आमा दाजु भाइ तथा दिदी बहिनीहरु चापाकोट नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

राहत वितरणलाई समानुपातिक र समन्यायिक दृष्टिकोणले वितरण गर्ने क्रममा केहि नागरिकमा असन्तुष्टि पैदा हुन पनि सक्छ । सामान्य असन्तुष्टिलाई कुटपिटको संज्ञा दिई कुटपिटमा नगर प्रमुखको संलग्नता शीर्षकमा नेपाल टेलिभिजनका सम्बाददाता सुशील सुबेदीले थाह खबर .com मा कपोकल्पित चरित्र हत्या गर्ने हेतुले लेखिएको समाचार प्रति सिंगो चापाकोट नगरपालिका र म नगर प्रमुख शिव कुमार गिरी लाई दु:खि तुल्याएको छ ।सो सम्बन्धमा कपोकल्पित र भ्रामक समाचार सम्प्रेषण गर्ने व्यक्तिहरुलाई कानुन बमोजिम कारबाहीको दायरामा ल्याउन सम्बन्धित निकायको ध्यानकर्षण गर्दछु ।खुला लोकतन्त्रमा नागरिकलाई सूसुचित गराउन सूचना सम्प्रेषण गर्न पाईन्छ, समाचार निर्भिकताका साथ लेख्न मिल्छ तर तिललाई पहाड बनाउने गरी गलत बदनियतसाथ कसैको चरित्रहत्या गर्नको लागि यस्ता खालको समाचार प्रकाशन नगर्न नगराउनको लागि हार्दिक अपिल गर्दछु साथै सम्पूर्ण चापाकोट नगरबासी बुवा आमा दाजु भाइ तथा दिदी बहिनीहरुमा म सधै तपाईहरुको सेवा र भलाईको लागि अहोरात्र खटिरहनेछु ।

**जय नेपाल !!!**

शिव कुमार गिरी
नगर प्रमुख

श्री शिव कुमार गिरी
नगर प्रमुख

Scanned by CamScanner